# रेसुङ्गा नगरपालिका

## स्थानीय राजपत्र

**खण्ड :२ संख्या : १ बैशाख ७ गते,शुक्रबार, २०७५**

## भाग-१

# रेसुंगा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन-२०७५

नगर सभाबाट स्वीकृत मिति : २०७५/०१/०६

**प्रस्तावनाः**

नेपालको संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानून बनाई प्रशासकीय कार्यविधि नियमित गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा १) बमोजिम रेसुङ्गा नगरपालिकाको सभाले यो ऐन बनाएको छ ।

**१.संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : १) यो ऐनको नाम रेसुङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने) ऐन, २०७५ रहेको छ ।

२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएपछि लागू हुनेछ ।

२. परिभाषा : १) बिषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा :—

क) “ऐन” भन्नाले रेसुङ्गा नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने) ऐन, २०७५ सम्झनु पर्छ ।

ख)  “कार्यपालिका”  भन्नाले रेसुङ्गा नगर कार्यपालिका सम्झनु पर्छ ।

ग)  “नगरपालिका” भन्नाले रेसुङ्गा नगरपालिका सम्झनु पर्छ ।

घ)  “सभा” भन्नाले रेसुङ्गा नगरपालिकाको नगर सभा सम्झनु पर्छ ।

ङ.) “संविधान” भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

**३. नियम बनाउने अधिकार** :  १) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम नगरपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त रेसुङ्गा नगरकार्यपालिकाले आवश्यक नियम बनाउन सक्नेछ ।

२) उपदफा  १) वमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानून बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड वनाउन सक्ने:**

१) संविधान, ऐन तथा यस ऐन अन्तरगत वनेको नियमावलीको अधिनमा रही रेसुङ्गा नगर कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड वनाई लागूगर्न सक्नेछ ।

प्रमाणीकरण मितिः २०७५/०१/०७

आज्ञाले,

मुक्तिराम अर्याल

प्रमुख प्रशासकीय अधिकृत